# व्यक्तिगत सुसमाचार प्रचार



Personal Evangelism
CL 5150

Nepali

# व्यक्तिगत
# सुसमाचार प्रचार


लेखकः जीन बप्तिस्टे सावाडोगो

अनुवादकः बाल कृष्ण शर्मा



आई सी आई
पो. व. नं. ४२४५
काठमाडौं नेपाल

प्रकाशक

आई सी आई
पो. व. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९६ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति २,०००

**Personal Evangelism**
**First Edition 1996**

# विषय सूची

| पाठ | | पृष्ठ |
|---|---|---|
| | आउनुहोस् सबैभन्दा पहिले कुराकानी गरौं............ | ५ |
| १. | नमूनालाई पछ्याउनुहोस्................................ | ८ |
| २. | तयारी हुनुहोस्........................................ | २२ |
| ३. | संलग्न हुनुहोस्........................................ | ४० |
| ४. | आफ्नो अनुभव बाँड्नुहोस्............................ | ५६ |
| ५. | कामलाई बुझ्नुहोस्.................................... | ७४ |
| ६. | बाधाहरूमाथि विजयी हुनुहोस्........................ | ९४ |
| ७. | आफ्नो तरीका विचार गर्नुहोस् ...................... | ११० |
| ८. | इनामहरूको आशा गर्नुहोस् .......................... | १२८ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंको अध्ययन सहायक लेखकबाट दुइ शब्द**

अब तपाईंले येशूलाई आफ्नो हृदयमा ग्रहण गर्नुभएको छ र उहाँ तपाईंका व्यक्तिगत र जीवित मुक्तिदाता बन्नुभएको छ। यसैले तपाईंको मनमा धेरै प्रश्नहरू पनि उब्जेका होलान्। ख्रीष्टियान जीवन के-कस्तो जीवन हो? मैले के गर्नुपर्छ?

अवश्य पनि तपाईं एकलो हुनुहुन्न। तपाईंभन्दा पहिलेका धेरै मानिसहरूमा पनि यस्तै प्रश्नहरू थिए। आफूले येशूलाई भेटेको पहिलो दिनमा नै तिनीहरूमध्ये एक जनाले यस्तो प्रश्न सोधेका थिए, "मैले अझै के गर्नुपर्छ?" (मत्ती १९:२०)। येशूले जवाफ दिनुभयो, "आऊ र मेरो पछि लाग।"

सबै ठाउँमा भएका सबै मानिसहरूलाई सुसमाचार लैजानका लागि हाम्रा नमूनाचाहिँ येशू हुनुहुन्छ। हामी जहाँ भए पनि हामीले सुसमाचार बाँड़िको उहाँ चाहनुहुन्छ। तपाईं जोसुकै हुनु भए तापनि ख्रीष्टसँग भएको आफ्नो अनुभव र उद्धार गर्ने उहाँको शक्तिको बारेमा अरूहरूलाई बताउन परमेश्वरले तपाईंलाई चुन्नुभएको छ। व्यक्तिगत सुसमाचार प्रचार यही नै हो!

व्यक्तिगत सुसमाचार प्रचारको साँचो स्वभाव बुझ्नको लागि यस पाठ्यक्रमले तपाईंलाई सहायता पुऱ्याउनेछ। तपाईंका

वरिपरि भएका मानिसहरूलाई प्रभावशाली, शक्तिशाली र सकारात्मक तरीकाले ख्रीष्टलाई प्रस्तुत गर्नका लागि यसले तपाईंलाई सक्षम तुल्याउँछ। तपाईंको भन्दा भिन्नै पृष्ठभूमिबाट आएका मानिसहरूसँग आफ्नो अनुभव बाँड्नका लागि यसले तपाईंलाई सहायता पुऱ्याउँछ। आधुनिक स्वयम्-शिक्षण प्रणालीले सिद्धान्तहरू सजिलैसँग सिक्न र तुरुन्तै व्यवहारमा प्रयोग गर्नका लागि तपाईंलाई सहायता गर्छ।

*व्यक्तिगत सुसमाचार प्रचार* भनिने यो पुस्तक पकेट आकारको कार्य-पुस्तक हो। तपाईं जहाँसुकै जानुहुँदा पनि यस पुस्तकलाई साथमा लैजान सक्नुहुन्छ र पाँच, दश मिनेट फुर्सत पाउनुहुँदा यसलाई अध्ययन गर्न सक्नुहुन्छ। प्रत्येक दिन केही समय यस पुस्तकको अध्ययनको निम्ति छुट्याउनुहोस्।

प्रत्येक पाठको पहिला दुइ पृष्ठलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्। अध्ययन गर्नुपर्ने अन्य कुराहरूका निम्ति यसले तपाईंको मनमा तयारी पार्छ। त्यसपछि खण्ड-खण्ड गरी पाठलाई अध्ययन गर्नुहोस् र *तपाईंको अभ्यासको निम्ति* भनिएको ठाउँमा उल्लेखित निर्देशनहरूलाई पालन गर्नुहोस्। अध्ययन सहायक पुस्तिकामा तपाईंका उत्तरहरू लेख्ने ठाउँ छैन भने प्रश्नहरूका उत्तरलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्, यसरी आवश्यक परेको बेलामा तपाईंले यसलाई हेर्न सक्नुहुन्छ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

उत्तर पृष्ठलाई तपाईंको क्षेत्रको आई सी आई कार्यालयमा पठाउनुहुँदा तपाईंको विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस्। विद्यार्थी प्रतिवेदनको पहिलो पृष्ठमा नै आफ्नो ठेगाना सफासँग लेख्नुहोस्। तपाईंले यस पुस्तकलाई पूरै अध्ययन गरी सक्नुभएपछि एउटा सुन्दर प्रमाणपत्र प्राप्त गर्नुहुनेछ।

**लेखकको बारेमा**

जीन बप्तिस्टे सावाडोगो एसेम्बलीज अफ गड बाइबल स्कूल, नागबाग्रे, अप्पर भोल्टामा शिक्षक हुनुहुन्छ र उहाँ त्यही देशमा नै जन्मनुभएको थियो। उहाँले पास्टरको काम, रेड़ियोद्वारा प्रचार र पश्चिम अफ्रिकामा गोष्ठीहरू पनि सञ्चालन गर्नुभएको छ।

अब तपाईं पाठ १ शुरू गर्न तयार हुनुभएको छ। तपाईंको अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् दिऊन्!